# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN
**BROADCAST: 18:40 hrs** **Date: 13.04.2024**

## CM-Singtam
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज सिङताममा आयोजित **विजय भव** जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले आफ्नो आधिकारिक सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, हाम्रो घोषणापत्रले जनताप्रतिको हाम्रो दृढ प्रतिबद्धतालाई जोर दिन्छ अनि सरकारले गरेको हर प्रतिज्ञा पूरा गरिने आश्वासन दिन्छ। उहाँले **बिपासा**को सिद्धान्तलाई आत्मसात गर्दै, राज्यभरि सहकार्य, समावेशीता र विस्तृत विकासलाई दर्शाउने राजनीतिक वातावरण निर्माण गरिने प्रतिबद्धता जनाउनुभयो।

## CAP
सिटिजन एक्शन पार्टीको चुनाउ जनसभा आज राजधानी गान्तोकमा सम्पन्न भयो। जनसभालाई पार्टीका संस्थापक अध्यक्ष श्री एलपी काफ्लेले अध्यक्षता गर्नुभयो। जनसभालाई पार्टीका गान्तोक, स्यारी, अप्पर बुर्तुक र आरिथाङका उम्मेद्वारहरूले सम्बोधन गरे। विशेष गरी युवा मतदाताहरूको बाक्लो उपस्थिति रहेको जनसभालाई सम्बोधन गर्दै, श्री काफ्लेले आफूहरूले सुधारको राजनीति गरिरहेको बताउनुभयो।

## SDF
त्यसै गरी, एसडीएफ पार्टीका अध्यक्ष श्री पवन चामलिङले आज मार्ताम-रूम्तेक समष्टिको साङ बजारमा आयोजित चुनावी जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले सम्बोधनको क्रममा, आउँदो सरकारमा सिफारिस प्रथा बन्द गर्ने घोषणा गर्नुभयो। उहाँले भन्नुभयो, कुनै पनि सहुलियत वा विकास सरकारको कृपा, दया, अनुग्रह वा दान-दक्षिणा होइन तर जनताका जन्मसिद्ध अधिकार हुन्। जनताले विकास वा कुनै पनि सहुलियत नियम र क्राइटेरियाअनुसार सजिलै पाउने र यसका लागि कुनै पनि जनप्रतिनिधि, एमएलए वा पञ्चायतको सिफारीस नचाहिने उहाँले बताउनुभयो।

## General Observer-Gangtok
महा पर्यवेक्षक श्री जितेन्द्र कुमारले आज DIET कलेज, बुर्तुकमा सेक्टर म्याजिस्ट्रेट, विशेष निगरानी टोली, फ्लाइङ स्क्वाड र पुलिस अधिकारीहरूसँगको बैठकको अध्यक्षता गर्नुभयो। बैठकको उद्देश्य सेक्टर म्याजिस्ट्रेट, विशेष निगरानी अधिकारी, फ्लाइङ स्वाड, र पुलिस अधिकारीहरूलाई गान्तोक जिल्लामा आदर्श आचार संहिताका नियम र यसको उचित कार्यान्वयनबारे जानकारी गराउनु रहेको थियो। महा पर्यवेक्षकले कुनै खास पार्टीको पक्षमा मतदान गर्न मतदातालाई जबरजस्ती गर्न खोज्ने राजनीतिक दलविरुद्ध कारबाही गर्नुपर्नेमा जोड दिनुभयो। साथै, अधिकारीहरूलाई सबै राजनीतिक दलप्रति निष्पक्ष भएर काम गर्न र निर्वाचन प्रक्रियाको निष्पक्षतालाई कायम राख्नका लागि आ-आफ्नो जिम्मेवारी पूरा गर्न सुझाव दिनुभयो।

## Observers Meeting-Namchi
हिजो जिल्ला प्रशासनिक केन्द्र नाम्चीमा जिल्ला निर्वाचन टोलीसँग आउँदो आम निर्वाचन सम्बन्धी अवलोकनकर्ताहरूको विशेष बैठक बस्यो। बैठकमा पर्यवेक्षकहरूले यस निर्वाचनका लागि टोलीले गरेको अनुगमन र व्यवस्थापनसम्बन्धी विभिन्न विषयमा जानकारी लिए। पर्यवेक्षकहरूले निर्वाचनको समयमा मतदातालाई प्रभाव पार्न वा अशान्ति फैलाउन प्रयोग हुने मदिरा आपूर्ति र वितरण रोक्नका लागि अनुगमन बढाउन आबकारी विभागका अधिकारीहरूलाई निर्देशन दिए। साथै, पर्यवेक्षकहरूले आ-आफ्नो क्षेत्रका फ्लाइङ स्क्वाड टोली र स्टेटिक निगरानी टोलीले रातिको समयमा कुनै पनि अप्रिय गतिविधि हुन नदिन कडा निगरानी राख्नुपर्नेमा जोड दिए। त्यसबाहेक, पर्यवेक्षकहरूले यस निर्वाचन प्रक्रियालाई उच्च सतर्कतासाथ सम्पन्न गर्नका लागि दक्ष रूपमा काम गर्न टोलीहरूलाई आग्रह गरे।

## Micro Observers-Pakyong
2024 को आम निर्वाचनलाई ध्यानमा राख्दै, पाकिम जिल्लाका महा पर्यवेक्षक श्री प्रदीप कुमारसँग माइक्रो पर्यवेक्षकहरूका लागि तालिम तथा बैठक आज पाकिममा सम्पन्न भयो। महा पर्यवेक्षकले निर्वाचन प्रक्रियामा प्रभावकारीता र पारदर्शिताको आवश्यकतामा जोड दिंदै, आ-आफ्नो कर्तव्यबारे अवगत गराउनुभयो। उहाँले निर्वाचनमा निष्पक्षता सुनिश्चित गर्न पर्यवेक्षकहरूले खेल्ने महत्त्वपूर्ण भूमिकालाई प्रकाश पार्नुभयो। साथै, उहाँले भारतीय निर्वाचन आयोगका दिशानिर्देश पालन गर्ने लगायत नक्कली मतदान सञ्चालन गर्न र मतदाताहरूको उचित पहिचान गर्न आग्रह गर्नुभयो।

## Home Voters-Pakyong
विभिन्न राजनीतिक दलको उपस्थितिबीच आज पाकिम जिल्लाका गृह मतदाताहरूकहाँ पुग्न दोस्रो भ्रमण गरिएको छ। सबै योग्य मतदाताहरूले आफ्नो मतदान अधिकार प्रयोग गर्ने अवसर पाएको सुनिश्चित गर्दै, दुई पटक घरमै मतदान गर्ने सुविधा उपलब्ध गराउनु महत्त्वपूर्ण पहल हो। यस पहलअनुसार, पहिलो गृह भ्रमणको क्रममा कुनै व्यक्तिविशेषहरूलाई नभेटिएको अवस्थामा, प्रजातान्त्रिक प्रक्रियामा उनीहरूको सहभागितालाई सुनिश्चित गर्न दोस्रो भ्रमणको व्यवस्था मिलाइन्छ।